प्रदेश सरकार

सामाजिक विकास मन्त्रालय

बागमती प्रदेश

हेटौंडा, मकवानपुर, नेपाल

# नोभल कोरोना भाइरस (COVID-19) सम्बन्धि दैनिक प्रतिवेदन

मितिः २०७७/०५/३१

(बेलुका ५:०० बजे)

## ❖ मुख्यमुख्य क्रियाकलापहरु

- यस प्रदेशमा आज काठमाण्डौमा ६५२, मकवानपुरमा ६२, ललितपुरमा ६०, भक्तपुरमा २२, काभ्रेपलान्चोकमा १८, धादिङमा ७, दोलखामा ४, सिन्धुलीमा १, चितवनमा १, नुवाकोटमा १ र सिन्धुपाल्चोकमा १ गरी जम्मा ८२९ जनामा नयाँ संक्रमण थपिएको छ । सम्बन्धित जिल्लाको स्वास्थ्य कार्यालय, स्थानीय महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका, गाउँपालिका, स्थानीय स्वास्थ्य संस्था एवम् अस्पतालहरु मार्फत सम्पर्कमा आएका व्यक्तिको खोजी (Contact tracing), सम्पर्कितहरुको फलो-अप र अन्य व्यवस्थापन (काठमाण्डौ, भक्तपुर र ललितपुर हकमा इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखाको समन्वयमा) कार्य भईरहेको छ ।

- काठमाण्डौ-२१ निवासी ७४ वर्षिया महिलाको मिति २०७७ भाद्र २९ गते उपचारका लागी चिकित्सा विज्ञान राष्टिय प्रतिष्ठान, वीर अस्पताल ल्याउदै गर्दा निधन भएको छ । उहाँको मृत्युपश्चात स्वाव नमुना संकलन गरी परिक्षण गर्दा भाद्र ३० गते कोरोना पुष्टी भएको हो (उहाँ दमको समेत बिरामी हुनुहुन्थ्यो) । काठमाण्डौ-१२, टेकु निवासी ७१ वर्षिया महिलाको मिति २०७७ भाद्र ३० गते दिउँसो १२:३५ बजे श्री विरेन्द्र अस्पताल, छाउनीमा निधन भएको छ । श्वासप्रश्वासमा समस्या भई भाद्र २३ गते अस्पताल भर्ना हुनुभएकी उहाँको भाद्र २५ गते कोरोना पुष्टी भएको थियो (उहाँ उच्च रक्तचाप, मधुमेह तथा मृगौलाको समेत बिरामी हुनुहुन्थ्यो) ।

- काभ्रेपलान्चोक, पनौती निवासी ४१ वर्षिय पुरुषको मिति २०७७ भाद्र ३१ गते काठमाण्डौ मेडिकल कलेज, सिनामंगलमा निधन भएको छ । अल्कोहलीज्म तथा प्यांक्रियाटाइटिसको समस्याले भाद्र २७ गते अस्पताल भर्ना हुनुभएका उहाँको भाद्र २८ गते स्वाव संकलन गरी परिक्षण गर्दा भाद्र २९ गते कोरोना पुष्टी भएको हो । त्यस्तै काभ्रेपलान्चोक निवासी ५५ वर्षिया महिलाको मिति २०७७ भाद्र ३१ गते विहान ६:३० बजे त्रि. वि. शिक्षण अस्पताल, महाराजगंजमा निधन भएको छ । श्वासप्रश्वासको समस्या भई भाद्र २८ गते अस्पताल भर्ना हुनुभएकी उहाँको सोही दिन नै कोरोना पुष्टी भएको थियो । उहाँहरुको दुखद् निधनमा सामाजिक विकास मन्त्रालय हार्दिक समवेदना प्रकट गर्दछ ।

## ❖ बागमती प्रदेशमा संक्रमितहरुको विवरण

- हालसम्मको तथ्यांकमा यस प्रदेशमा देशको कुल संक्रमणको ३० प्रतिशत (३०.१४%) रहेको छ भने मृत्युको अनुपात यस प्रदेशमा तुलनात्मक रुपमा बढी रहेको छ र मृत्यु हुनेमा अन्य जिर्ण रोगहरुको सहरुग्णता देखिएको छ। माथिको तथ्यले हालको महामारीमा जेष्ठ नागरिक तथा अन्य जिर्ण रोगको सहरुग्णता भएको व्यक्तिहरुले कोभिड-१९ बाट बच्नको लागि विशेष सावधानी अपनाउनुपर्ने देखिएको छ ।

- यस प्रदेशमा पछिल्ला दिनमा संक्रमितको संख्या तीव्र रुपमा बढेको हुनाले हाल उपचाररत बिरामीको संख्या निको भएका भन्दा तुलनात्मक रुपमा बढी देखिएको हो ।

| विवरण | नेपाल | बागमती प्रदेश |
|---|---|---|
| संक्रमण देखिएको (PCR) | ५८३२७ (१००%) | १७५८० (१००%) |
| निको भएको | ४१७०६ (७१.५%) | ८८६४ (५०.४%)* |
| उपचाररत | १६२४२ (२७.९%) | ८५९० (४८.९%)* |
| मृत्यु भएको | ३७९ (०.६%) | १२६ (०.७%)* |
| श्रोत: | - स्वास्थ्य तथा जनसंख्या मन्त्रालय मिडिया ब्रिफिङ २०७७/०५/३१ | - सामाजिक विकास मन्त्रालय, बागमती प्रदेश; स्वास्थ्य तथा जनसंख्या मन्त्रालय मिडिया ब्रिफिङ २०७७/०५/३१ |

## ❖ जिल्लागत क्वारेन्टाइन, आइसोलेसन, आर.डी.टि.(RDT), पी.सि.आर.(PCR) परिक्षण सम्बन्धी विवरण

- हाल सम्म बागमती प्रदेशमा ८६९४ वटा क्वारेन्टाईन बेड ब्यवस्थापन गरेकोमा अहिले ५०० जना बस्दै आउनुभएको र १३७५ जना अहिले होम क्वारेन्टाईनमा बस्दै आउनुभएको छ । यस प्रदेशमा ३२१२ वटा आइसोलेशन बेड तयारी अवस्थामा रहेको छ जसमा अहिले ३६८१ जना (होम आइसोलेसन सहित) बस्दै आउनुभएको छ ।आजको मिती सम्मको जिल्ला बाट प्राप्त विवरण अनुसार ८१९८४ जनाको पि सि आर परिक्षण गरिएको छ।

| जिल्ला | क्वारेन्टाईन | | होम क्वारेन्टाइनमा रहेका | आइसोलेसन | | (RT-PCR) परिक्षण सम्बन्धी विवरण | | |
|---|---|---|---|---|---|---|---|---|
| | बेड | बसेका | | बेड | बसेका* | जम्मा संकलित स्वाब संख्या | आजको नयाँ संक्रमण | जम्मा पोजेटिभ |
| काठमाण्डौ | १०५० | ११३ | २६७ | १३४७ | २१७४ | २६४६६ | ६५२ | ११२३८ |
| ललितपुर | ३७१ | ३१ | ८० | २८९ | २०८ | २३५७ | ६० | १२८८ |
| भक्तपुर | १०५ | ६ | १६५ | ३३१ | १४० | ७२९५ | २२ | ११४३ |
| रसुवा | २५५ | ६ | १६ | ३५ | १ | ८४२ | | २० |
| नुवाकोट | ९५३ | ४१ | १५ | ४० | ७ | ४२०० | १ | १२८ |
| धादिङ | ३१५ | २ | २३ | १०४ | ३५ | ३०३७ | ७ | ३४२ |
| चितवन | २४६५ | ६७ | ४९६ | ३५५ | ८८६ | १५७७९ | १ | १३८२ |
| सिन्धुली | ३९२ | २८ | २१ | ४३ | २ | २६८४ | १ | १०२ |
| मकवानपुर | ४०७ | २४ | ४ | २१७ | १३० | ८०८७ | ६२ | ११७७ |
| रामेछाप | ४९० | ६५ | ४९ | ९८ | १२ | १३२९ | | १२० |
| दोलखा | १९३ | ७ | ६ | ४४ | ११ | २०६८ | ४ | १०७ |
| काभ्रेपलान्चोक | ९०९ | ७४ | १३२ | २५३ | ७२ | ४२३८ | १८ | ४०२ |
| सिन्धुपाल्चोक | ७८९ | ३६ | १०१ | ५६ | ३ | ३६०२ | १ | १३१ |
| जम्मा | ८६९४ | ५०० | १३७५ | ३२१२ | ३६८१ | ८१९८४ | ८२९ | १७५८० |

श्रोत: पोजिटिभ केसको विवरण स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मिडिया ब्रिफिंगबाट दैनिक प्राप्त जानकारी अनुसार र अन्य विवरण सम्बन्धित् जिल्लाबाट प्राप्त आजको अन्तिम अभिलेख

*होम आइसोलेसनमा रहेका संक्रमितको विवरण समेत जोडिएको


## ❖ प्रादेशिक जनस्वास्थ्य प्रयोगशालामा भएको पि. सि. आर. परीक्षणको विवरण

प्रादेशिक जनस्वास्थ्य प्रयोगशालामा भएको पी. सी. आर परिक्षणको विवरण यस प्रकारको रहेको छ:

| प्रयोगशाला | हालसम्म प्राप्त स्वाबको संख्या | आज प्राप्त स्वाब संख्या | आज परिक्षण भएको स्वाबको संख्या | आज परिक्षण भएको स्वाबको नतिजा | | कै |
|---|---|---|---|---|---|---|
| | | | | पोजिटिभ | नेगेटिभ | |
| VBDRTC, हेटौडास्थित प्रादेशिक जनस्वास्थ्य प्रयोगशाला | २२९२६ | १६६ | ३१६ | ७९ जनाः मकवानपुर-५९, बारा-१, फलोअप-१९ | २३७ | |
| धुलिखेल स्थित प्रादेशिक जनस्वास्थ्य प्रयोगशाला | ४५०५ | ९० | १४२ | ३० जनाः काभ्रेपलान्चोक-१५, दोलखा-४, भक्तपुर-२, काठमाण्डौ-१, फलोअप-८ | ११२ | |

❖ बागमती प्रदेशमा कोभिड-१९ संक्रमितहरुको लिंगअनुसारको  विवरण यस प्रकार रहेको छः


यस प्रदेशमा पुरुषहरुमा महिलाको तुलनामा बढि संक्रमण देखिएको छ ।




स्रोतः EWARS, इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखा, २०७७/०५/३०

❖ बागमती प्रदेशमा कोभिड-१९ संक्रमितहरुको उमेर समुह अनुसारको विवरण यस प्रकार रहेको छः

यस प्रदेशमा संक्रमितहरु अधिकांश पुरुष त्यस्तै २१ देखि ५० वर्षका महिला तथा पुरुषहरु रहेका छन्।




स्रोतः EWARS, इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखा, २०७७/०५/३०

❖ कोभिड-१९ सम्बन्धि थप जानकारी र मार्गदर्शनको लागि निम्न उल्लेखित वेबपेज हेर्न हार्दिक अनुरोध छः

**-सामाजिक विकास मन्त्रालय, बागमती प्रदेशः** http://mosd.p3.gov.np/

**-स्वास्थ्य तथा जनसंख्या मन्त्रालय :** https://covid19.mohp.gov.np/#/

**-नेपाल सरकार गृह मन्त्रालय :** https://covid19.ndrrma.gov.np/

**-कोभिड १९ संकट ब्यबस्थापन केन्द्रः** ccmc.gov.np

**-इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखाः** http://www.edcd.gov.np/news/covid-19-situation-updates

**-विश्व स्वास्थ्य संगठन/नेपालः** https://www.who.int/nepal

**अन्त्यमा सदाझै यहाँहरूको अमूल्य सुझाव र सहयोगको अपेक्षा गर्दछौं।**

**धन्यवाद !**

प्रवक्ता (कोभिड-१९)

डा. पुरुषोतम राज सेढाई